# प्रेस विज्ञप्ति

## स्वास्थ्य सेवा र समुदायको हितमा मुक्तिनाथ विकास बैंकको अभियान
## व्हीलचेयर तथा स्वच्छ खानेपानीका सामाग्रीहरु हस्तान्तरण

मितिः २०८३/०३/२९




मुक्तिनाथ विकास बैंक लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व (CSR) कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवा, स्वच्छ खानेपानी र सामुदायिक कल्याणमा टेवा पुऱ्याउने उद्देश्यले विभिन्न स्वास्थ्य संस्था, शैक्षिक संस्था, सामाजिक संस्था तथा स्थानीय तहलाई आवश्यक सामग्रीहरु हस्तान्तरण गरेको छ ।



यस कार्यक्रम अन्तर्गत बैंकले सामाजिक तथा सरकारी अस्पताल, स्वास्थ्य चौकी लाई र स्थानीय तह मार्फत २६ वटा व्हीलचेयर उपलब्ध गराएको छ । बैंकले सल्यान जिल्ला अस्पताललाई १० थान, त्रिवेणी गाउँपालिका स्थित त्रिवेणी स्वास्थ्य चौकीलाई ३ थान, रंगेली मोरङ्ग स्थित रंगेली अस्पताललाई १० थान र ओमसतिया गाउँपालिका-१ नं. वडा कार्यालय मार्फत शारीरिक रूपमा फरक क्षमता भएका तथा आवश्यकता भएका व्यक्तिहरूका लागि ३ थान  व्हीलचेयर हस्तानतरण गरेको छ ।

यसै गरी, बैंकले पथरी नगर अस्पताल, पथरीलाई ३-सिटे कुर्सी ४ थान, मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टरलाई ३ वटा विद्युतीय पानी डिस्पेन्सर र सल्यान स्थित श्री जनकल्याण आधारभूत विद्यालयलाई ४ वटा वाटर प्युरिफायर (ROI) हस्तान्तरण गरेको छ।







स्वास्थ्य सेवा, शिक्षा र सामाजिक समावेशीतालाई प्राथमिकतामा राख्दै बैंकले यस्ता सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई निरन्तरता दिँदै आएको छ । आगामी दिनहरूमा पनि समुदायको दिगो विकास र जनकल्याणमा योगदान पुऱ्याउने यस्ता पहललाई अझ प्रभावकारी रूपमा अघि बढाइने बैंकले जनाएको छ ।

प्रमुख सूचना अधिकारी
श्री तिल बहादुर गुरुङ्ग